## (क) कर कट्टी (पारिश्रमिक आय)

### १. रोजगारी मात्र आय हुनेले कसरी कर तिर्नुपर्दछ ?

*रोजगारी आय मात्र हुने व्यक्तिको वार्षिक करयोग्य आयको आधारमा लाग्ने करलाई दामासाहीले मासिक रुपमा भुक्तानी गर्दाको बखत रोजगारदाताले अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्दछ ।*

### २. पारिश्रमिक आयमा कर छुट छ, छैन भएमा कति छुट हुन्छ ?

*पारिश्रमिक आयमा एक्लो व्यक्तिको हकमा एक लाख साठी हजारसम्म १ प्रतिशतका दरले, एक लाख साठी हजार भन्दा बढी दुई लाख रुपैयासम्म १५ प्रतिशत का दरले र सो भन्दा बढी करयोग्य पारिश्रमिक आयमा २५ प्रतिशत का दरले कर लाग्दछ । त्यसैगरी दम्पत्तिको हकमा रू. दुईलाखसम्म १ प्रतिशतका दरले, दुइलाख भन्दा बढी तीनलाखसम्म १५ प्रतिशतका दरले र सो भन्दा बढी कर योग्य पारिश्रमिक आयमा २५ प्रतिशतका दरले कर तिनुपर्दछ ।*

*एललौटी फर्म दर्ता भएका करदाताको हकमा उपरोक्त बमोजिम एक प्रतिशत कर नलाग्ने व्यवस्था छ ।*

### ३. रोजगारी आय हुनेले कुन समयमा कर तिर्नुपर्दछ ?

*रोजगारी आय हुने व्यक्तिको पारिश्रमिक भुक्तानी प्राप्त गर्दाका बखत रोजगारदाताले अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्दछ ।*

### ४. करको गणना कसले गर्छ ?

*लाग्ने करको गणना भुक्तानीकर्ताले गर्छ । सो ठीक भए नभएको सम्बन्धमा भुक्तानी पाउने व्यक्ति पनि सचेत हुनुपर्दछ ।*

### ५. करको गणना कसरी गरिन्छ ?

*कुल निर्धारणयोग्य आयमा दफा १२ अनुसार कर छुट पाएका संस्थाहरूलाई दिइएका चन्दा उपहार र दफा ६४ बमोजिम स्वीकृत अवकाश कोषमा जम्मा गरिएको तोकिएको सीमासम्मको भुक्तानी घटाई हुन आउने करयोग्य आयमा ऐनको अनुसूची-१ बमोजिम पाउने सुविधा कट्टा गरि बाँकी हुन आउने रकममा दफा ५१ बमोजिम औषधि उपचार खर्च भए बढीमा रु. ७५० कटाई बाँकि हुन आउने रकममा उल्लेखित करको दरले हुने कर रकमलाई दामासाहीले मासिक रुपमा विभाजन गरी पारिश्रमिक आय प्राप्त गर्दाका बखत अग्रिम रुपमा कर तिर्नुपर्दछ ।*

### ६. रोजगारी आयमा कुन कुन कुरा समावेश हुन्छन् ?

*रोजगारी आयमा रोजगारदाताबाट कुनै आय वर्षमा प्राकृतिक व्यक्तिलाई दिइएका ज्याला, तलब, बिदा वापतको रकम, अतिरिक्त समय काम गरे वापतको रकम, शुल्क, कमिशन, पुरस्कार, उपहार, बोनस र अन्य सुविधाहरू वापतको भुक्तानी, महगी भत्ता, जीवन निर्वाह खर्च, भाडा, मनोरञ्जन वा यातायात वापतको रकम लगायत कुनै पनि व्यक्तिगत भत्ताका भुक्तानीहरू, निज वा निजका सम्बद्ध व्यक्तिले व्यक्तिगत प्रयोजनका लागि गरेको खर्चको फछ्र्यौट वा शोधभर्ना वापत प्राप्त गरिएको भुक्तानी, रोजगारीको कुनै शर्तमा सहमति जनाए वापत गरिएका भुक्तानी, रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अवकाश वापत गरिएका भुक्तानी, अवकाश भुक्तानी र रोजगारदाताले सो कर्मचारीको लागि अवकाश कोषमा जम्मा गरेको रकम समेतका अवकाश योगदान, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी र कर लेखांकन रकमहरूको परिमाणिकरण, बांडफांड र चारित्रीकरण गर्दा समावेश गरिर्नुपर्ने अन्य रकमहरू समावेश हुन्छन् ।*

**७. पारिश्रमिक आय हुनेलाई विशेष सुविधा केही छ, छैन ?**

*नेपाल सरकारले तोकको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता वापत तोकिए बमोजिम "ङ" वर्गको क्षेत्रका लागि रु. ६,००० देखि "क" वर्गका क्षेत्रका लागि बढीमा ३०,००० रुपैयासम्म र नेपाल राज्यका विदेश स्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारीको बैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई बांकि रहने रकममा मात्र कर लगाइने विशेष सुविधा छ । अन्य कर्मचारीलाई विशेष सुविधा छैन ।*

**८. पारिश्रमिक आयमा करको चुक्ता प्रमाणपत्र कसले दिन्छ ?**

*पारिश्रमिक आयको कर चुक्ता प्रमाणपत्र रोजगारदाता/भुक्तानीकर्ताले दिन्छ ।*

**९. वार्षिक पारिश्रमिक आय कसले प्रमाणित गर्नुपर्छ ?**

*भुक्तानीकर्ता/रोजगारदाताले वार्षिक पारिश्रमिक आय प्रमाणित गर्नुपर्दछ ।*

**१०. रोजगारदाताले कर कट्टी नगरेमा के हुन्छ ?**

*रोजगारदाताले कर कट्टी नगरेमा निजबाट लाग्ने कर रकम र दफा ११९ अनुसार १० प्रतिशतका दरले व्याज असूल गरिन्छ ।*

**११. पारिश्रमिक वापत वासिन्दा । गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा समान दरमा अग्रिम कर कट्टी गर्नु पर्दछ कि छुट्टा छुट्टै दरमा ?**

*पारिश्रमिक वापत वासिन्दा र गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा समान दरमा कर कट्टी गर्नुपर्दछ ।*

**१२. पारिश्रमिक आयमा तिरेको कर अर्को वर्ष मिलान गर्दा पाउँदैन ?**

*पारिश्रमिक आयमा तिरेको कर बढी भएमा आगामी वर्षमा मिलान गर्न पाउँछ ।*

**१३. मेरो दुइ स्थानमा रोजगारी छ । के मैले आय विवरण पेश गर्नु पर्दछ ?**

*दुई स्थानमा रोजगारी आय भएमा आय विवरण पेश गर्नु पर्दछ ।*

**१४. मेरो औषधि खर्च बापत कर मिलान दावी गर्न के गर्नु पर्दछ ? यस्तो अवस्थामा के मैले आय विवरण पेश गर्नु पर्दछ ?**

*स्वीकृत औषधि उपचार खर्च वापत बढीमा रू. ७५०/- सम्म कर मिलान गर्न पाइन्छ । रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च वापतको कर मिलान बाहेक कर मिलान दाबी गर्न आय विवरण पेश गर्नुपर्दछ ।*

**१५. पारिश्रमिक आय हुने प्राकृतिक व्यक्तिले चन्दा खर्च दावी गर्न पाउँछ वा पाउदैन ?**

*पारिश्रमिक आय हुने प्राकृतिक व्यक्तिले ऐनको दफा १२ अनुसार आयकर छुट प्राप्त संस्थालाई दिएको बढीमा एक लाख रुपैया सम्मको चन्दा खर्च दाबी गर्न पाउँछ । तर चन्दा खर्च दावी गर्न आय विवरण पेश गर्नुपर्दछ ।*